# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक ३० गते २०३३ साल

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सुन्दरीजल आर्शनल कार्यालयको लागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला नयाँपाटी गाउँ पञ्चायत वार्ड नं. (२) (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. ९३ र ८७ को जग्गा, पश्चिम कि. नं. ८९ र ९० को जग्गा, उत्तर कि.नं. ९१ को जग्गा, दक्षिण कि.नं. ८७ को जग्गा यति ४ किल्लाभित्रको कि. नं. ८८ को मालपोत रू. ।४२ (बयालीस पैसा) लागेको ०-२-० (दुई आना) को पूरै कित्ता ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।